# एउटा कविता लेख्नै पर्‍यो

वाइयात गफ धेरै सुने

देख्नसम्म देखि हाले

चहिने कुरा लेखे हुला

नचहिने पनि लेखि हाले

बर्षौदेखि दुलोमा लुकेको

त्यो कालो सर्पको टाउको टेक्नैपर्‍यो

अब चाहि एउटा कविता लेख्नैपर्‍यो ।।

घरको बुढी आमाको मनमा

'कृष्णभीर' गैरहन्छ रे

माहिलो भाइ 'लादेन' को हिमायति

उल्टै 'खुफिया एजेन्ट' भनि

मेरै टाउकोको मोल टोक्छ

कान्छो भाइलाई 'बालै' भएन

एकदम 'विन्दास'

आफ्नै दुनियाँ छ उसको

त्यही लोकमा गई एकपल्ट उसलाई भेट्नैपर्‍यो

आफ्नै परिवारको एउटा कविता लेख्नैपर्‍यो ।।

बैशाखमा प्रेमिकालाई बैश चढ्छ
'बकिङ्हमकी डायना'
अझै राजकुमार बटुल्दै हिड्छे
गमगम अत्तरभित्र
ठुसठुस गनाहुने आङ् छोपी
'आइ लभ यू' भन्दै टासिन पुग्छे
उसको प्यासलाई पनि त मैले मेट्नै पर्‍यो
आफ्नै प्रेमिकाको एउटा कविता लेख्नैपर्‍यो ।।

साथीभाइका नारा थरिथरिका
'भोक बन्द' भन्ने मस्यौदा
पास गरे गजब हुन्थ्यो होला
अघि बढ्न काट्मार गर्छन् रे!
गन्तब्यमा पुग्न हतार
लासैलासको ढेर देख्छु
बिडम्बना, स्वतन्त्र विचार मैले रेट्नैपर्‍यो
आफ्नै साथीभाइको एउटा कविता लेख्नैपर्‍यो ।।

'ग्लोबल वार्मिङ्' ले सिकिस्त मेरो देशलाई

'स्लाइन' पानी चढाइदै छ

कहिले तागतिलो जुस पियाइन्छ

हट्टा कट्टा जवान भयो भन्दै

फेरी रगत चुसीन्छ

घरभित्र छिरी

उपचारको प्रपञ्च रचिन्छ

अति भयो भित्र ईन्ट्री मैले रोक्नैपर्‍यो

आफ्नै देशको एउटा कविता लेख्नैपर्‍यो ।।

-आशिष खनाल

मैतिदेवी, काठमाडौं, नेपाल

+९७७९८४१०७५८९७